नेपाल सरकार
राष्ट्रिय योजना आयोग
# केन्द्रीय तथ्याङ्क विभाग

फोन ४२४५९४६, ४२४५९४७, ४२४५९४८, ४२४५८४८, ४२४१८०१, ४२२९४०६
फ्याक्सः ९७७-१-४२२७७२०
पो.ब.नं. ११०३१
रामशाहपथ
थापाथली, काठमाडौं

नेपाल सरकार राष्ट्रिय योजना आयोग केन्द्रीय तथ्याङ्क विभाग २०१५

पत्रसंख्या :- ०७८/७९
च.नं.:- २४९

मिति : २०७८/०५/२९

श्री वडा कार्यालय
सबै स्थानीय तह

विषय : **आवश्यक सहजीकरण तथा सहयोग गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपालमा वि.सं. १९६८ बाट शुरु भएको जनगणनाको शृंखलामा वि.सं.२०७८ मा हुन गइरहेको जनगणना बाह्रौ तथा देश संघीय संरचनामा रुपान्तरण भएपछिको पहिलो जनगणना हो । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८/०५/२१ को निर्णयानुसार स्थगित राष्ट्रिय जनगणना २०७८ को स्थलगत तथ्याङ्क संकलन अन्तर्गत घर तथा घरपरिवार सूचीकरण कार्य मिति २०७८ भाद्र ३० गते देखि आश्विन १८ गते सम्म र मुख्य गणना कार्य मिति २०७८ कार्तिक २५ देखि मंसिर ९ गते सम्म सञ्चालन हुँदैछ । यसै सन्दर्भमा राष्ट्रिय जनगणना २०७८ को प्रशासनिक व्यवस्था तथा आर्थिक सुविधा सम्बन्धी मापदण्डको दफा ३ को उपदफा ५ बमोजिम जनगणना कार्यमा सबै नागरिकको सहभागिता गराउन र पूर्ण गणनाको प्रत्याभूत गर्ने प्रयोजनको लागि प्रत्येक वडामा स्थानीय तहका वडा कार्यालयले वडास्तरीय जनगणना सहजीकरण समिति गठन गर्न सक्ने व्यवस्था रहेको छ । यस समितिले मूख्यरुपमा जनगणना कार्यमा खटिने गणक तथा सुपरिवेक्षकलाई आवश्यक सहयोग गर्नुका साथै आफ्नो वडाका सबै घरपरिवार तथा व्यक्तिलाई गणना कार्यमा भाग लिन उत्प्रेरित गर्ने अपेक्षा गरिएको छ । तसर्थ राष्ट्रिय जनगणना, २०७८ लाई सफल बनाउन सोही बमोजिम आवश्यक सहजीकरण एवं सहयोग गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु।

हेम राज रेग्मी
उपमहानिर्देशक